# गृह शिक्षक



१

बालबालिकालाई के के सिकाउन खोजिएको हो, सामग्रीहरूको जोहो गरी पठनपाठन गर्ने स्थान निर्धारण गरौं।



२

परिवारका सदस्यमध्येबाट गृह शिक्षक र सहायक गृह शिक्षक तोकौं।




३

दैनिक क्रियाकलाप तालिका तोकौं। सोहीअनुसार दैनिक रूपमा क्रियाकलापहरू गरौं र गराऔं। शिक्षक र सामाजिक परिचालकको सहयोग लिने गरौं।




४



छलफल तथा अन्तरक्रिया गरौं। सिकाइसँग सम्बन्धित प्रश्नहरू सोधौं।

५

नेपाली, गणित, विज्ञान, अङ्ग्रेजी, सामाजिक, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधिका विषयवस्तुसँग सम्बन्धित क्रियाकलाप गराऔं।




६




दैनिक रूपमा कथावाचन गरौं। खेलहरू खेलौं। घरायसी काममा संलग्न होऔं।

७



छलफल तथा अन्तरक्रिया गरौं। सिकाइसँग सम्बन्धित प्रश्नहरू सोधौं।

८



बालबालिकालाई बेलुका कम्तीमा डेढ घण्टा पढ्न प्रोत्साहन गरौं। अभिभावकले किताब झिकेर बालबालिकालाई दिई पढ भनौं।


Save the Children

आजको शिक्षा साप्ताहिक
AajakoShiksha.com

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर



बालबालिकाका लागि दैनिक कार्यतालिका बनाई सोहीअनुसार क्रियाकलापहरू गराउन सहयोग गर्छु ।




घरमा सिकाइ सामग्रीसहितको पढ्ने कुना निर्माण गरिदिन्छु । स्लेट, किताब, कापी, खेलौना, रङ, चित्र, पोस्टर, क्यालेन्डर आदि सिकाइ सामग्री हुन् ।



बालबालिकासँग नियमित छलफल र कुराकानी गर्छु ।



दैनिक कार्यतालिका

| क्र.सं. | कार्य/क्रियाकलाप | समय | जिम्मेवारी (कसले गर्ने/गराउने ?) |
|---|---|---|---|
| १. | बिहान उठ्ने र नित्यकर्म गर्ने ( शारीरिक सरसफाइ, शारीरिक व्यायम आदि) | ६:३०-७:०० बजे | बाबा-आमा वा दाई-दिदीले सघाउने/पाँच वर्ष वर्ष माथिका नानीबाबु आफैंले गर्न सिक्ने । |
| २. | बिहानको खाजा | ७:००-७:३० बजे | बाबा-आमा वा दाई-दिदी/नानीबाबु आफैं । |
| ३. | अध्ययन तथा क्रियाकलाप ( पठनपाठन, खेल र मनोरञ्जन) | ७:३०-९:०० बजे | दाई-दिदीले सिकाउने/नानीबाबुहरुले सिक्ने र क्रियाकलाप गर्ने । |
| ४. | खाना | ९:००-१०:०० बजे | आमा वा बाबाले खाना दिने । |
| ५. | आराम गर्ने (रमाइला कथा/कविता भन्ने, रमाइला कुरा गर्ने आदि ।) | १०:००-११:०० बजे | दाई-दिदी वा हजुरबा/हजुरआमाले गराउने, नानीबाबुहरु आफैंले पनि शुरु गर्ने । |
| ६. | पाठ्यक्रमअनुसार सुनाइ, बोलाइ, पढाइ लेखाइसम्बन्धी क्रियाकलाप | ११:००-१:०० बजे | आमा-बाबा वा दिदी/दाई वा सबभन्दा बढी पढेको परिवार सदस्यले गराउने । |
| ७. | दिवा खाजा | १:००-१:३० बजे | परिवारका पाका सदस्यबाट खाजा बनाई नानीबाबुहरुलाई खुवाउने । |
| ८. | गीत, कथा, कविता, चित्र लेखन अभ्यास ( स्थानीयस्तर गाइने गीत, पाठ्यपुस्तकमा आधारित गीत, कविता, मनपर्ने चित्र बनाउने आदि । चित्रहरू पढाइ कुना टाँस्न लगाउने ।) | १:३०-३:३० बजे | दाई-दिदी वा बाबा-आमाले सघाउने । नानीबाबुहरु आफैं सरिक हुने । |
| ९. | खेल तथा विचरण (घर तथा घर परिसरमा आफूखुशी साथीहरुसँग रमाउने ) | ३:३०-६:३० बजे | दाई-दिदी तथा भाई-बहिनी अथवा टोलका साथीहरु । |
| १०. | शारीरिक सरसफाई (हातखुट्टा धुने) | ६:३०-७:०० बजे | परिवारका पाका सदस्यको सहयोग लिई नानीबाबुहरु स्वयंले गर्ने । |
| ११. | बेलुकीको खाना | ७:००-८:०० बजे | बाबा-आमाबाट खाना खुवाउन सहयोग । |
| १२. | रमाइलो पालो (विभिन्न खेल, अभिनय, गायन अथवा टेलिभिजन हेर्ने/रेडियो सुन्ने आदि) | ८:००-९:०० बजे | परिवारका सबै सदस्यहरु/आ-आफ्ना प्रतिभा तथा रुचिअनुसार । |
| १३. | पाठ्यक्रमबमोजिम पठनपाठन र क्रियाकलाप | ९:००-९:३० बजे | दाई-दिदी वा बाबा-आमाले गराउने । |
| १४. | सुत्ने | ९:३०-६:३० बजे | परिवार । |

# शिक्षक जस्तै म अभिभावक । किनकि...



प्रत्येक दिन रमाइला, प्रेरणादायी अनि ज्ञानवर्धक कथा सुनाउँछु ।



पाठ्यपुस्तकमा भएका क्रियाकलापहरू गर्नका लागि सघाउँछु ।



बालबालिकालाई चित्र बनाउने, गीत गाउने, नाच्ने, अभिनय गर्ने, कविता लेख्ने जस्ता रचनात्मक काममा हौसला दिँदै सहयोग गर्छु ।



बालबालिकालाई आफूले जानेका स्थानीय खेलहरू खेलाउँछु ।



बालबालिकालाई आफ्नो काम आफैँ गर्ने बानी बसाल्न घरायसी हल्का काममा सरिक गराउँछु । जस्तै : तरकारी केलाउने, लुगा पट्याउने, किताब सजाउने ।


Save the Children

अजको शिक्षा साप्ताहिक
AajakoShiksha.com

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर


poster 18x24 two.indd 2 12/27/2021 10:24:35 AM